बैठक नं.२

आज मिति २०८०/०४/२५ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ३:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | [signature] |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | [signature] |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | [signature] |
| ५ | विष्णु ढकाल | सदस्य | [signature] |
| ६ | नरिश्वर शर्मा | सदस्य | [signature] |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | [signature] |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | [signature] |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | [signature] |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | [signature] |
| १२ | बल बहादुर पुन मगर | सदस्य | [signature] |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | [signature] |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | टेकराज पन्थी | सचिव | |

आई प्रसाद राई - का० वा० वडाध्यक्ष - १

धिर बहादुर तामाङ - का० वा० वडाध्यक्ष - ८

टेकराज पन्थी
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. २.१**

मिति २०८०/०४/०१ मा बसेको अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

निर्णय नं. २.१

- फोहोरमैला व्यवस्थापनका लागि क्षेत्र विस्तार गर्ने गरी निर्णय लिइएको ।
- वडा नं. ९ स्थित लुम्बिनी बसटर्मिनल क्षेत्र भित्र बहुतले पार्किङ्ग भवन निर्माणका लागि ऋण तथा अनुदान लिने गरी नगरविकास कोष काठमाण्डौमा आवश्यक सम्झौता गर्न प्रमुखज्यूलाई अख्तियारी दिने गरी निर्णय लिइएको ।
- पुर्नप्रयोग योग्य मालसामानहरुको व्यवसाय गर्ने व्यवसायीहरुलाई करको दायरामा ल्याई व्यवस्थापन गर्ने गरी प्रकिया बढाउने निर्णय गरिएको ।
- गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत विवरण भरेका ५१ जना व्यक्तिहरुलाई आवश्यक कार्यका लागि भुमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सिफारिस गरिएको ।
- बुटवलको लोगो तयारीका लागि कार्यदल गठन गरिएको ।
- केही सहयोग सम्बन्धी निर्णय लिइएको ।
- सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालज्यूको धर्मपत्नी सीता दाहालको असामयिक निधन भएको हुदा समवेदना प्रकट गर्ने गरी प्रस्ताव पारित गरिएको ।

**प्रस्ताव नं. २.२**

“घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ (दोस्रो संशोधन २०८०) माथि सशोधन सम्बन्धमा ।

निर्णय न. २.२

यस बुटवल उपमहानगरपालिकाबाट विगत २०७४ सालमा स्वीकृत “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ मा कार्यान्वयनको सन्दर्भमा केही संशोधन गर्न आवश्यक भएको हुदा उक्त कार्यविधिमा देहाय बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

**"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि २०७४(पहिलो संशोधन,२०७५) मा दोस्रो संशोधन**

<table>
<tr><th>कार्यविधिको दफा,उपदफा, अनुसूची</th><th>हालको व्यवस्था</th><th>संशोधन हुनुपर्ने विषय</th><th>संशोधन गर्नुपर्नाका कारण</th></tr>
<tr><td>३ (क) नामसारी तथा ठाउसारी</td><td>संवन्धित स्थानीयतहको सिफारिस सहित अनुरोध भई आएमा एकाघर परिवारमा नामसारी हुदा रु.१०००/ र एकाघर परिवार वाहेक नामसारी हुदा रु.२०००/ र ठांउसारी गर्दा समेत रु.२०००/ दस्तुर लिई नामसारी तथा ठाउँसारी गरिनेछ ।</td><td>संवन्धित स्थानीयतहको सिफारिस सहित अनुरोध भई आएमा एकाघर परिवारमा नामसारी हुदा रु.२०००/, एकाघर परिवार वाहेक नामसारी हुदा रु.५०,०००/, ठाउसारी भई आउदा रु.५०,०००/ अन्यत्र ठांउँसारी सिफारिश गर्दा रु.५०००/ र इजाजतपत्रमा नाम संशोधनगर्दा रु.२०००/दस्तुर लिई नामसारी,ठाउसारी र नाम संशोधन गरिनेछ ।</td><td rowspan="2">आर्थिक ऐन २०८० मा समयानुकूल दस्तुरमा परिमार्जन भएकोले सो व्यवस्था कार्यान्वयन गर्नुपर्ने भएकोले</td></tr>
<tr><td>अनुसूची २</td><td><table><tr><th colspan="2">निर्माण व्यवसायीको वर्ग "घ"</th></tr><tr><td>शीर्षक</td><td>रु</td></tr><tr><td>इजाजतपत्र दस्तुर</td><td>१०००</td></tr><tr><td>ईजाजतपत्र नवीकरण दस्तुर</td><td>१०००</td></tr><tr><td>इजाजतपत्र नवीकरण थप दस्तुर</td><td>२०००</td></tr><tr><td>इजाजतपत्र प्रतिलिपि दस्तुर</td><td>५००</td></tr></table></td><td><table><tr><th colspan="2">निर्माण व्यवसायीको वर्ग घ</th></tr><tr><td>शीर्षक</td><td>रु</td></tr><tr><td>इजाजतपत्र दस्तुर</td><td>१५००००</td></tr><tr><td>ईजाजतपत्र नवीकरण दस्तुर</td><td>२०००</td></tr><tr><td>इजाजतपत्र नवीकरण थप दस्तुर (म्याद नाघेको ६ महिनाभित्र)</td><td>४०००</td></tr><tr><td>इजाजतपत्र प्रतिलिपि दस्तुर</td><td>५००</td></tr><tr><td></td><td></td></tr></table></td></tr>
</table>

**प्रस्ताव नं. २.३**

वार्षिक कार्यसंचालन तालिका स्वीकृत सम्बन्धमा ।

निर्णय नं. २.३

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको चालु आ.व. ०८०/०८१ को स्वीकृत पूर्वाधार विकास निर्माण तर्फका योजनाहरु कार्यान्वयन गर्ने प्रयोजनका लागि देहाय अनुसारको वार्षिक कार्य संचालन कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो ।

## वार्षिक कार्यसञ्चालन तालिका
### आ.व. २०८०/०८१

| क्र.सं. | कार्यक्रम/ क्रियाकलापको विवरण | महिना | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | वैशाख | जेष्ठ | असार | |
| १ | चालु आ.व.का योजनाहरुको लगत ईष्टिमेट गर्ने | ■ | ■ | ■ | ■ | | | | | | | | | |
| २ | उपभोक्ता समिति गठन गर्ने | ■ | ■ | ■ | ■ | | | | | | | | | |
| ३ | उपभोक्ता समितिलाई तालिम दिने | | ■ | ■ | ■ | | | | | | | | | |
| ४ | उपभोक्ता समितिसंग सम्झौता गर्ने | ■ | ■ | ■ | ■ | ■ | | | | | | | | |
| ५ | ठेक्का प्रक्रियाबाट सञ्चालन गर्ने योजनाहरुको सूचना प्रकाशन गर्ने | ■ | ■ | ■ | ■ | | | | | | | | | |
| ६ | ठेक्का प्रक्रियाबाट सञ्चालन गर्ने योजनाहरुको सम्झौता गर्ने | | | ■ | ■ | ■ | ■ | | | | | | | |
| ७ | चौमासिक प्रगति प्रतिवेदन पेश गर्ने | ■ | | | | ■ | | | | ■ | | | | |
| ८ | ठेक्का मार्फत संचालित क्रमागत योजनाहरु सम्पन्न गराउने | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | | | | |
| ९ | उ.स. मार्फत संचालित चालु आ.व.का योजनाहरु सम्पन्न गर्ने | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | |
| १० | योजनाहरुको सुपरिवेक्षण अनुगमन तथा फरफारक गर्ने | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | |
| ११ | आगामी आ.व. को लागि वार्षिक योजना तर्जुमा | | | | | | | | | | | ■ | ■ | |
| | नोट : १. ठेक्का प्रक्रिया मार्फत संचालित योजनाहरुको सम्पन्न सम्झौता बमोजिम हुने छ।<br>२.कार्य तालिका बमोजिम कार्यक्रम संचालन गर्ने क्रममा विशेष परिस्थिति आई समय थप गर्नु पर्ने भएमा आवश्यकता र औचित्यको आधारमा पूर्वाधार विकास समितिको निर्णय बमोजिम हुने छ। | | | | | | | | | | | | | |

**प्रस्ताव नं. २.४**

वार्षिक जिन्सी निरीक्षण प्रतिवेदन प्रस्तुत एंव जानकारी सम्वन्धमा।

निर्णय नं. २.४

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट आ.व. ०७९/०८० मा सम्पादन एंव कार्यान्वयन भएका कामकारवाही, खरिद भएका एव मौज्दातमा रहेका मालसामानहरुको वार्षिक जिन्सी निरीक्षणका लागि गठित कार्यदलबाट निरीक्षण गरी पेश हुन आएको वार्षिक जिन्सी निरीक्षण प्रतिवेदन आजको बैठकमा प्रस्तुत भइ जानकारी भयो । उक्त प्रतिवेदनले औल्याएे बमोजिमका सुझावहरुलाई आगामी दिनमा क्रमश : कार्यान्वयन गर्दै जाने समेत निर्णय गरियो ।

**प्रस्ताव नं. २.५**

संस्थागत विद्यालयको शुल्क (fee) निर्धारण सम्बन्धमा ।

निर्णय नं. २.५

यस बुटवल उपमहानगरपालिका क्षेत्र भित्र संचालित संस्थागत विद्यालयहरुले शैक्षिकसत्र २०८० मा मिति २०८०/०४/२४ मा बसेको संस्थागत विद्यालय शुल्क निर्धारण समितिको देहाय बमोजिमको सिफारिस समेतका आधारमा देहाय बमाजिमको शुल्क कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

१. संस्थागत विद्यालयहरुले शैक्षिकसत्र २०८० साल देखि लिने गरी देहाय बमोजिमको शैक्षिक शुल्क कायम गर्ने ।

क. मासिक शुल्क ।

| क्र.स | तह | २०८० सालको शुल्क | | |
|---|---|---|---|---|
| | | ग वर्ग | ख वर्ग | क वर्ग |
| १ | पूर्व प्रा.वि. | २००० | २४०० | २७५० |
| २ | प्रा.वि | २२०० | २६०० | ३००० |
| ३ | नि.मा.वि | २६०० | ३००० | ३३०० |
| ४ | मा.वि | ३२०० | ३६०० | ४१०० |
| ५ | मा.वि ११/१२ | ३५०० | ४२०० | ४७०० |
| ६ | मा.वि ११/१२ विज्ञान | ४७०० | ५००० | ५२०० |

| | | | | |
|---|---|---|---|---|
| ७ | मा.वि ११/१२ व्यवस्थापन | ४३०० | ४७०० | ५००० |

ख. भर्ना शुल्क : विद्यालयमा पहिलो पटक भर्ना हुँदा एक पटकको लागि भर्ना हुने कक्षाको एक महिनाको मासिक शुल्कमा नबढ्ने गरी भर्ना शुल्क लिन पाइनेछ । तर विद्यालयले विद्यार्थीहरुलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि उक्त शुल्क लिन पाइने छैन ।

ग. वार्षिक व्यवस्थापन शुल्क :- कुल दुई महिनाको मासिक शुल्क बराबरको रकममा नबढ्ने गरी खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, मर्मत सम्भार, पुस्तकालय र प्राथमिक उपचार बापतको शुल्क वर्षमा एक पटक मात्र लिने ।

घ. विविध शुल्क :- संस्थागत विद्यालयहरुले उल्लेखित शीर्षक बाहेक देहायअनुसार रकम नबढ्ने गरी अन्य शुल्क लिन सक्नेछन ।

- परीक्षा शुल्क :- लागत खर्चमा३०% थप गरी।
- कम्प्युटर शुल्क :- रु ५००/- (मासिक) आधारभूत तह

  - रु ६००।- (मासिक) माध्यमिक तह
- स्थानान्तरण प्रमाणपत्र शुल्क :- प्रा.वि., नि.मा.वि. र मा.वि. तहको लागि क्रमश रु २०००/-, २५००/- र ३०००/-
- चारित्रिक प्रमाणपत्र शुल्क :- रु ५००/-(राजश्व बाहेक) ।
- पूर्ण आवासीय शुल्क :- प्रा.वि., नि.मा.वि. र मा.वि. तहको लागि क्रमश रु१३०००/-, १४०००/-र १७०००/-

- सेमीवोडर्स शुल्कः- प्रा.वि., नि.मा.वि. र मा.वि. तहको लागि क्रमश रु ९०००/- ,९५००/- र १०५००/-
- परिवहन शुल्क :- रु ८००/- देखि १२००/- (छोटो दुरी देखि लामो दुरी सम्म)
- टाई र वेल्ट :- लागत खर्चमा ३०% थप गरी ।
- विज्ञान प्रयोगशाला शुल्क (कक्षा ११- १२) :- रु २२,०००/-
- होटल म्यानेजमेन्ट प्रयोगशाला शुल्क (कक्षा ११- १२) :- रु २०,०००/-
- एक पटक कुनै प्रकाशनको पाठ्यपुस्तक लागु गरिसकेपछि कम्तीमा तीन शैक्षिक सत्र सम्म परिवर्तन गर्न पाइने छैन ।

२ शिक्षा नियमावली, २०५९ को नियम १५१ को उपनियम (२) बमोजिम संस्थागत विधालयहरुले विद्यार्थीहरुलाई उपलब्ध गराउने छात्रवृत्तिको लागि कक्षा (१-१०) को व्यवस्थापन वडा शिक्षा समितिले गर्ने र कक्षा (११-१२) को व्यवस्थापन बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय मार्फत संचालन गर्ने।

**प्रस्ताव नं.२.६**

संस्थागत विद्यालयको वर्गीकरण सम्बन्धमा ।

निर्णय नं. २.६

बुटवल उपमहानगरपालिका क्षेत्र भित्र सन्चालित संस्थागत विद्यालयहरुको वर्गीकरण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. २.७**

प्राइभेट फर्म दर्ता एंव नवीकरण सम्बन्धी कार्यविधि, २०७७ मा (पहिलो संशोधन २०८०) संशोधन सम्बन्धमा ।

निर्णय नं.२.७

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट विगत २०७७/१०/२८ मा स्वीकृत प्राइभेट फर्म दर्ता एंव नवीकरण सम्बन्धी कार्यविधि, २०७७ मा कार्यान्वयनको सर्न्दभमा केही संशोधन गर्नुपर्ने भएकोले उक्त कार्यविधिमा देहाय बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

# बुटवल उपमहानगरपालिकाको प्राइभेट फर्म दर्ता एवं नविकरण सम्बन्धी कार्यविधि, २०७७ (प्रथम संशोधन) २०८० प्रस्तावित

| कार्यविधिको दफा, उपदफा तथा बुँदा नं. | भएको व्यवस्था | संशोधन वा थप गर्नका लागि प्रस्ताव | कारण |
|---|---|---|---|
| दफा ४ को उपदफा (२) बुँदा नं. (ग१) थप गर्ने | | (ग१) अव्यवस्थित वसोवास क्षेत्रमा रहेका पेशा, व्यापार व्यवसायहरुको सम्वन्धमा जग्गाको नाँपजाच भई जग्गाको कुनै सरकारी निस्सा प्राप्तगरेको प्रमाणको प्रतिलिपि र घर/जग्गाको वहाल सम्झौताको प्रतिलिपि र वहालकर तिरेको रसिदको प्रतिलिपि । | अव्यवस्थित वसोवास क्षेत्रमा रहेका पेशा, व्यापार व्यवसायहरुलाई दर्ता प्रकियामा लैजानु पर्ने भएकोले। |
| दफा ४ को उपदफा (२) बुँदा नं. (ङ) थप गर्ने | | (ङ) नगरपालिकाको स्वामित्वमा रहेका जग्गा/सपिङ कम्प्लेक्स/पसलेघर (सटर) को वहाल सम्झौताको प्रतिलिपि (न.पा.लाई बुझाउनुपर्ने वहाल रकम वक्यौता नरहेको आधार) । | न.पा.को वहालमा रहेका व्यवसायलाई पनि दर्ता प्रक्रियामा लैजानुपर्ने भएकोले। |
| दफा ४ को उपदफा (६) बुँदा नं. (ढ)-थप गर्ने | | (ढ)बुटवल उपमहानगरपालिका वडा नं. २ उजिरसिहं नगर अटोभिलेज क्षेत्रको हकमा जग्गा वहाल सम्झौताको नवीकरणको प्रतिलिपि (अटो व्यवसाय संग सम्वन्धित व्यवसायहरुमात्र),बुटवल अटोईन्जिनियरिङ एशोसिएसनको सिफारिस पत्र र बुटवल उपमहानगरपालिका र अटो व्यवसायी वीच भएको जग्गा वहाल सम्झौता गर्ने व्यवसायीले तेश्रो पक्ष अटोव्यवसायी/अटोमेकानिक्सलाई वहालमा लगाएको वहाल सम्झौतापत्र । | अटोभिलेज क्षेत्रमा रहेका अटो व्यवसायीहरुलाई दर्ता प्रकियामा लैजानुपर्ने भएकोले। |

| | | | |
|---|---|---|---|
| दफा ४ को उपदफा (६) थप गर्ने | | (६) आन्तरिक राजश्व कार्यालयमा स्थायी लेखा नं. प्राप्त गर्न वडा कार्यालयमा उद्योग, पेशा, व्यापार व्यवसाय दर्ता अभिलेखिकरण गरी सिफारिस लिएर जानुपर्ने । | न.पा. क्षेत्रभित्र व्यवसाय दर्ता अभिलेखिकरण गर्न अनिवार्य बनाईएको। |

**प्रस्ताव नं. २.८**

सामाजिक सुरक्षा कार्यविधि, २०८० स्वीकृत सम्बन्धमा ।

निर्णय न. २.८

मिति २०८०/०३/०७ मा बसेको नगरसभाको तेह्रौ अधिवेशनको दोस्रो बैठकबाट स्थानीय सेवा, जनशक्ति विकास, व्यवस्थापन तथा सुशासन प्रर्वद्धन सम्बन्धी नीतिको बुँदा नं. १९ मा बुटवल उपमहानगरपालिकामा कार्यरत नगर प्रहरी र कार्यालय सहयोगी जस्ता विभिन्न पदका करार कर्मचारीहरुलाई सामाजिक सुरक्षाकोषमा आबद्ध गराई सुविधा उपलब्ध गराउने नीति बमोजिम नगर प्रहरी र करारका कर्मचारीका लागि सामाजिक सुरक्षा कोषमा आवद्धताका लागि बजेटको समेत सुनिश्चितता भएको हुँदा कार्यरत करारका सम्बन्धित कर्मचारीहरुबाट निजहरुले खाइपाई आएको शुरु तलब स्केलको ११% कट्टा गरी जम्मा गराउने र उपमहानगरपालिकाले सो मा २०% थप गर्ने गरी कोषको स्थापना गर्न र सोही अनुरुपको आवश्यक प्रकिया अगाडि बढाउन नगरकार्यपालिका मार्फत नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने गरी मिति २०८०/३/१३ मा बसेको नगरसभाको तेह्रौ अधिवेशनको चौथो बैठकबाट भएको निर्णय निर्देशन बमोजिम कार्यालयबाट तयार भई आएको सामाजिक सुरक्षा कार्यविधि, २०८० माथि दफावार छलफल गरियो । उक्त कार्यविधि आवश्यक भएको हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.९ विविध ।**

प्रस्ताव नं. २.९.१

अनुमोदन सम्बन्धमा ।

निर्णय नं. २.९.१

महिला शिल्पकला केन्द्रहरुलाई प्रतिस्थापन गरी उपप्रमुख उधमशीलिता कार्यक्रमलाई निरन्तरता दिने गरी मिति २०८०/४/२ मा भएको प्रमुखस्तरीय निर्णयलाई अनुमोदन गरियो ।

**प्रस्ताव नं. २९.२**

आय व्ययको विवरण जानकारी सम्बन्धमा ।

निर्णय नं.२९.२

आ.व ०७९/०८० को देहाय बमोजिमको वार्षिक आय र व्ययको विवरण आजको बैठकमा जानकारी भयो ।

**प्रस्ताव नं. २९.३**

नागरिक वडापत्र सम्बन्धमा ।

निर्णय नं. २९.३

यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयबाट प्रवाह हुने सेवा र कामकारवाहीहरुको बारेमा उपमहानगरवासीहरु लगायत सरोकारवालाहरुलाई सुसुचित गराउने उद्देश्यले नेपाली भाषाका अलवा थारु, मगर र नेवार भाषामा समेत नागरिक वडापत्र तयार गरी प्रकाशन गर्ने नगरसभा र नगरकार्यपालिकाको निर्णय बमोजिम आवश्यक तयारी भएकोमा उक्त दस्तावेज ऐतिहासिक र स्थानीय सरकारको दस्तावेज समेत हुने भएकोले भाषिक शुद्धतालाई कायम राख्नका लागि नागरिक वडापत्रको भाषिक शुद्धता जाँच गरी पेश गर्न वडा नं. १५ का वडाध्यक्ष एवं प्रवक्ता शिव रानाको संयोजकत्वमा देहायका सदस्यहरु रहने गरी एक कार्यदल गठन गर्ने निर्णय गरियो ।

<u>मगर भाषा</u>

(१) बसन्ती साठिघरे मगर

(२) सनु थापा मगर

<u>नेवार भाषा</u>

(१) कल्याणी लाकौल

(२) चिरन्जीवी प्रसाद श्रेष्ठ

थारु भाषा

(१) प्रेम सागर चौधरी

(२) कृष्णा बहादुर चौधरी

रोशन कुमार रेग्मी -उपनिर्देशक, अधिकृतस्तर आठौं तह - सदस्य सचिव

**प्रस्ताव नं. २९४**

अनुमोदन सम्बन्धमा ।

निर्णय नं. २९४

बुटवल उपमहानगरपालिकाको नगर खेलकुद विकास समितिको संयोजकमा बुटवल-८ निवासी वीनिन पियालाई मनोनयन गर्ने गरी मिति २०८०/४/२२ मा भएको प्रमुखस्तरीय निर्णयलाई अनुमोदन गरियो ।

**प्रस्ताव नं. २९५**

न्यूदुर्गानगर टोल विकास संस्था खारेज सम्बन्धमा ।

निर्णय नं. २९५

बुटवल ११ स्थित न्यूदुर्गानगर टोल विकास संस्था उपर परेको उजुरीका सन्दर्भमा कार्यालयबाट उक्त संस्थामा गई ल्याएका फाइल कागजातहरु अध्ययन गर्दा केही ठेली रसिदहरुबाट नगद सकंलन गरेको समेत पाइएकोले उल्लेखित संस्थाका बारेमा देहाय बमोजिसको प्रकिया पुऱ्याई कार्यान्वयन गर्ने निर्णय गरियो ।

-रसिदबाट संकलित रकमलाई यस कार्यालयको राजश्व शाखामा दाखिला गर्न लगाउने ।
-सम्बन्धित टोलका तत्कालिन अवस्थामा रहेका पदाधिकारीहरुबाट उठाएको रकम सम्बन्धित सरोकारवाला व्यक्तिहरुलाई निज पदाधिकारीहरुबाट फिर्ता दिन लगाउने ।
-उल्लेखित टोल विकास संस्थालाई खारेज गर्ने ।

**प्रस्ताव नं. २९६**

अध्ययन अवलोकन भ्रमण सम्बन्धमा ।

टंकराज पन्थी
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. २.९.६

जनप्रतिनिधिहरुको क्षमता विकास गर्ने उद्देश्यले दक्षिण एशियामा दिसाजन्य लेदो व्यवस्थापनका क्षेत्रमा रहेको नीति, नियम, असल अभ्यास तथा स्रोत परिचालन लगायतका विषयमा मिति २०८०/४/२९ गते देखि २०८०/५/१ गते सम्म भारतको हैदरावाद (तेलङ्गना) र भुवनेश्वर (उडिसा) मा अध्ययन तथा अवलोकनका लागि नेपाल नगरपालिका संघको च.नं. ०९/०८०/०८१ मिति २०८०/४/१९ को पत्रबाट प्रमुखज्यूलाई निमन्त्रणा प्राप्त भएको र उक्त भ्रमणमा बुटवल उपमहानगरपालिकाले कुनै थप आर्थिक दायित्व व्यहोर्न नपर्ने भएको हुदा उल्लेखित अवधिको भ्रमणमा सहभागी हुन नगरप्रमुख श्री खेलराज पाण्डेयज्यूलाई मनोनयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२.९.७**

सूचिकृत सम्बन्धमा ।

निर्णय नं. २.९.७

यस बुटवल उपमहानगरपालिका क्षेत्र भित्र संचालित सहकारी संस्था, बैंक, वित्तीय कम्पनी र कन्सल्टयान्सीहरुलाई २०८० भाद्र मसान्तसम्ममा अनिवार्य सूचिकृत हुनका लागि सूचना गर्ने र त्यसरी सूचना गर्दा पनि सूचिकृत हुन नआउनेहरुलाई संचालनमा रोक लगाउने निर्णय गरियो ।

**प्रस्ताव नं. २.९.८**

सार्वजनिक सुनुवाई सम्बन्धमा ।

निर्णय नं. २.९.८

यस बुटवल उपमहानगरपालिकाको आयोजना र बुद्ध सामुदायिक टेलिभिजन बुटवलको सहजिकरणमा मिति २०८०/३/२७ मा बुटवल उमहानगरपालिका र उपमहानगर क्षेत्र भित्र कृयाशिल सेवा प्रदायक कार्यालयहरु समेतलाई आमन्त्रण गरी वार्षिक सार्वजनिक सुनुवाई गरिएको हुदा उक्त सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन आजको बैठकमा प्रस्तुत भई समीक्षा सहित जानकारी भयो । सो प्रतिवेदनले औल्याए बमोजिमका सुझावहरुलाई आगामी दिनहरुमा क्रमश कार्यान्वयन गर्दै जाने समेत निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।

# बुटवल उप महानगरपालिका
## उप महानगर कार्यपालिकाको कार्यालय, रुपन्देही
### कार्यालयको कोड : ८०५४८३०१३००

### आय व्ययको बिवरण

आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१-२०८०/०३/३१

**आय**

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | ९८,८८,७८,००८.०० | ८२,७४,५२,६१३.७३ | ८३.६८ | १६,१४,२५,३९४.२७ |
| १३३११ समानिकरण अनुदान | ३४,८०,००,०००.०० | ३२,१९,००,०००.०० | ९२.५ | २,६१,००,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | ४८,७८,१३,०००.०० | ४२,७०,४७,५५२.७३ | ८७.५४ | ६,०७,६५,४४७.२७ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ८,९०,६५,००८.०० | ७,८५,०५,०६१.०० | ८८.१४ | १,०५,५९,९४७.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ६,४०,००,०००.०० | ०.०० | ० | ६,४०,००,०००.०० |
| प्रदेश सरकार | ७,००,३३,०००.०० | ६,३३,१४,५३०.०० | ९०.४१ | ६७,१८,४७०.०० |
| १३३११ समानिकरण अनुदान | १,६१,३३,०००.०० | १,६१,३३,०००.०० | १०० | ०.०० |
| १३३१२ शसर्त अनुदान चालु | १,६०,००,०००.०० | १,३०,०४,०८३.०० | ८१.२८ | २९,९५,९१७.०० |
| १३३१४ विषेश अनुदान चालु | ८०,००,०००.०० | ७९,१२,४४२.०० | ९८.९१ | ८७,५५८.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २,९९,००,०००.०० | २,६२,६५,००५.०० | ८७.८४ | ३६,३४,९९५.०० |
| राजस्व बाडफाड | ३१,९८,००,०००.०० | २३,४३,७८,२२६.३१ | ७३.२९ | ८,५४,२१,७७३.६९ |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | १०,००,००,०००.०० | १०,४४,७२,३९४.०० | १०४.४७ | (४४,७२,३९४.००) |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १८,०७,००,०००.०० | ९,४५,४०,९४७.५७ | ५२.३२ | ८,६१,५९,०५२.४३ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ३,५०,००,०००.०० | २,८३,९१,९३६.०४ | ८१.१२ | ६६,०८,०६३.९६ |
| ११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | १०,००,०००.०० | २२,६९,६७७.६९ | २२६.९७ | (१२,६९,६७७.६९) |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | २५,००,०००.०० | २५,४१,१५०.०० | १०१.६५ | (४१,१५०.००) |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | २,००,०००.०० | १९,६५,६११.३९ | ९८२.८१ | (१७,६५,६११.३९) |

**व्यय**

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| चालु | १,२७,२३,०७,८३०.०० | ९५,५२,९९,६१८.१४ | ७५.०८ | ३१,७०,०८,२११.८६ |
| २१११६ पारिश्रमिक कर्मचारी | ५८,४६,३२,०००.०० | ४८,७१,५१,५३५.४६ | ८३.३३ | ९,७४,८०,४६४.५४ |
| २१११२ पारिश्रमिक पदाधिकारी | २,५०,००,०००.०० | २,२६,६२,५९१.३९ | ९०.६५ | २३,३७,४०८.६१ |
| २११२१ पोशाक | ५३,१९,०००.०० | २५,३२,०००.०० | ४७.६ | २७,८७,०००.०० |
| २११२२ खाद्यान्न | १,८२,३६,०००.०० | १,८२,३६,०००.०० | १०० | ०.०० |
| २११३१ स्थानीय भत्ता | २८,०००.०० | ०.०० | ० | २८,०००.०० |
| २११३२ महँगी भत्ता | १,१०,००,०००.०० | ७६,४६,०००.०० | ६९.५१ | ३३,५४,०००.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ४,००,०००.०० | ०.०० | ० | ४,००,०००.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ७,००,०००.०० | ०.०० | ० | ७,००,०००.०० |
| २११३९ अन्य भत्ता | ३,७१,१२,०००.०० | २,८२,५३,०१६.३६ | ७६.१३ | ८८,५८,९८३.६४ |
| २११४१ पदाधिकारी बैठक भत्ता | ७१,०४,०००.०० | ६९,७७,७५६.०० | ९८.२२ | १,२६,२४४.०० |
| २१२१४ कर्मचारी कल्याण कोष | ५,००,००,०००.०० | ५,००,००,०००.०० | १०० | ०.०० |
| २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | २८,००,०००.०० | १२,२९,६४८.०० | ४३.९२ | १५,७०,३५२.०० |
| २२१११ पानी तथा बिजुली | ७२,२५,०००.०० | ६७,९०,६९१.०५ | ९३.९९ | ४,३४,३०८.९५ |
| २२११२ संचार महसुल | २८,११,०००.०० | ७,४२,९६०.०० | २६.४२ | २०,६९,०४०.०० |
| २२२११ इन्धन (पदाधिकारी) | ६,००,०००.०० | ६,००,०००.०० | १०० | ०.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | १,५०,००,०००.०० | १,४९,२७,६७०.०० | ९९.५२ | ७२,३३०.०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ३०,००,०००.०० | ३०,००,०००.०० | १०० | ०.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ५,००,०००.०० | १,९६,९१३.३५ | ३९.३८ | ३,०३,०८६.६५ |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २४,९६,०००.०० | १८,६२,८२९.०० | ७४.६३ | ६,३३,१७१.०० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ४,००,०००.०० | ४,००,०००.०० | १०० | ०.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ५३,७९,०००.०० | ५२,९६,१९१.०० | ९८.४६ | ८२,८०९.०० |
| २२३१२ पशुपंक्षीहरूको आहार | ७,००,०००.०० | ०.०० | ० | ७,००,०००.०० |

# बुटवल उप महानगरपालिका
## उप महानगर कार्यपालिकाको कार्यालय, रुपन्देही
कार्यालयको कोड : ८०५४८३०१३००

### आय व्ययको बिवरण

आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१-२०८०/०३/३१

**आय**

| | | | | |
|---|---|---|---|---|
| १४१५६ बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ४,००,०००.०० | १,९६,५०९.६२ | ४९.१३ | २,०३,४९०.३८ |
| अन्तरिक श्रोत | १,०९,५८,६७,०००.०० | ८४,५२,००,८८९.५३ | ७७.१३ | २५,०६,६६,११०.४७ |
| ११३१३ एकीकृत सम्पती कर | ७,००,००,०००.०० | ५,५६,१२,५२१.२६ | ७९.४५ | १,४३,८७,४७८.७४ |
| ११३१४ भुमिकर/मालपोत | २,५०,००,०००.०० | १,४४,६९,९०९.०० | ५७.८८ | १,०५,३०,०९१.०० |
| ११३२१ वहाल कर | १२,००,००,०००.०० | १५,३१,६५,७३६.०० | १२७.६४ | (३,३१,६५,७३६.००) |
| ११३२२ वहाल बिटौरी कर | २,००,००,०००.०० | १,२५,५६,१८०.०० | ६२.७८ | ७४,४३,८२०.०० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | ३०,००,०००.०० | ७१,२०,९००.०० | २३७.३६ | (४१,२०,९००.००) |
| ११४७९ अन्य मनोरञ्जन कर | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| ११६९१ अन्य कर | ५,००,०००.०० | २५,७७५.०० | ५.१६ | ४,७४,२२५.०० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ७,००,००,०००.०० | ८,९२,२९,६३१.१९ | १२७.४७ | (१,९२,२९,६३१.१९) |
| १४१९१ पर्यटन शुल्क | ५,००,०००.०० | २०,७९०.०० | ४.१६ | ४,७९,२१०.०० |
| १४२१८ विद्युत सेवा शुल्क | १५,००,०००.०० | २१,७६,७९९.०० | १४५.१२ | (६,७६,७९९.००) |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | १०,००,००,०००.०० | २,६०,०१,०६७.३० | २६ | ७,३९,९८,९३२.७० |
| १४२२१ न्यायिक दस्तुर | २,००,०००.०० | १०,८००.०० | ५.४ | १,८९,२००.०० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ७५,००,०००.०० | ७१,३४,१९२.०१ | ९५.१२ | ३,६५,८०७.९९ |
| १४२२४ परीक्षा शुल्क | ६,००,०००.०० | ०.०० | ० | ६,००,०००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ३०,००,०००.०० | १८,९३,३४६.७२ | ६३.११ | ११,०६,६५३.२८ |
| १४२४१ पार्किङ्ग शुल्क | १,००,००,०००.०० | १,३६,४७,२८२.०० | १३६.४७ | (३६,४७,२८२.००) |
| १४२४२ नक्सापास दस्तुर | ६,००,००,०००.०० | ३,२३,३१,४३८.४४ | ५३.८९ | २,७६,६८,५६१.५६ |
| १४२४३ सिफारिश दस्तुर | १,७५,००,०००.०० | १,६२,४४,७५५.३४ | ९२.८३ | १२,५५,२४४.६६ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १०,००,०००.०० | ८,७९,९२०.०० | ८७.९९ | १,२०,०८०.०० |

**व्यय**

| | | | | |
|---|---|---|---|---|
| २२३१४ इन्धन - अन्य प्रयोजन | ४६,४०,०००.०० | २८,६२,३०६.७६ | ६१.६९ | १७,७७,६९३.२४ |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ६४,९०,०००.०० | ५१,७३,७३५.०० | ७९.७२ | १३,१६,२६५.०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ६१,९०,०००.०० | ४६,०५,५७४.०० | ७४.४ | १५,८४,४२६.०० |
| २२४११ सेवा र परामर्श खर्च | १,८४,८०,०००.०० | ९३,१९,९९०.०० | ५०.४३ | ९१,६०,०१०.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ७२,००,०००.०० | १९,४५,६९४.०० | २७.०२ | ५२,५४,३०६.०० |
| २२४१३ करार सेवा शुल्क | ३३,५२,०००.०० | २२,६४,४७९.६७ | ६७.५६ | १०,८७,५२०.३३ |
| २२४१४ सरसफाईसेवा शुल्क | ४४,००,०००.०० | ३१,५४,६९८.९९ | ७१.७ | १२,४५,३०१.०१ |
| २२४१९ अन्य सेवा शुल्क | १२,५०,०००.०० | ६,००,०००.०० | ४८ | ६,५०,०००.०० |
| २२५११ कर्मचारी तालिम खर्च | २,५०,०००.०० | १,२०,३३१.०० | ४८.१३ | १,२९,६६९.०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १,८६,२२,४५०.०० | ८९,६७,७४४.७६ | ४८.१६ | ९६,५४,७०५.२४ |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | ३,१३,८२,५००.०० | १,४२,५८,८२९.०० | ४५.४४ | १,७१,२३,६७१.०० |
| २२५२२ कार्यक्रम खर्च | ६,२३,१९,७६५.०० | २,६९,८२,००४.०० | ४३.३ | ३,५३,३७,७६१.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | १२,३५,९५,५१०.०० | ५,५३,२४,३७६.०० | ४४.७६ | ६,८२,७१,१३४.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | २५,५५,२५०.०० | १३,६५,७५६.०० | ५३.४५ | ११,८९,४९४.०० |
| २२६१२ भ्रमण खर्च | ६३,८०,०००.०० | ४१,५६,६०१.०० | ६५.१५ | २२,२३,३९९.०० |
| २२७११ विविध खर्च | १,४५,६१,०००.०० | १,०५,२५,७८७.०० | ७२.२९ | ४०,३५,२१३.०० |
| २२७२१ सभा सञ्चालन खर्च | २८,००,०००.०० | १३,६४,६१०.०० | ४८.७४ | १४,३५,३९०.०० |
| २४२११ आन्तरिक ऋणको ब्याज | ९०,००,०००.०० | ८७,४८,८४७.४७ | ९७.२१ | २,५१,१५२.५३ |
| २५२२२ वित्तीय व्यवसायहरूलाई पूँजीगत सहायता | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | ७,८०,२७,०००.०० | ७,२०,२७,९००.२८ | ९२.३१ | ५९,९९,०९९.७२ |
| २५३१२ स्वास्थ संस्थाहरूलाई सहायता | ५,५०,०००.०० | ५,५०,०००.०० | १०० | ०.०० |
| २५३१३ उपभोक्ता समिति तथा गैर सरकारी संस्था सहायता | २,२५,०००.०० | २,०२,९९९.०० | ९०.२२ | २२,००१.०० |
| २५३१५ अन्य सस्था सहायता | ४,००,०००.०० | ४९,९९७.०० | १२.५ | ३,५०,००३.०० |

# बुटवल उप महानगरपालिका
## उप महानगर कार्यपालिकाको कार्यालय, रुपन्देही
कार्यालयको कोड : ८०५४८३०१३००

### आय व्ययको बिबरण

आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१-२०८०/०३/३१

**आय**

| | | | | |
|---|---|---|---|---|
| १४२४५ नाता प्रमाणित दस्तुर | २०,००,०००.०० | ३७,६९,४००.०० | १८८.४७ | (१७,६९,४००.००) |
| १४२४९ अन्य दस्तुर | २०,००,०००.०० | ४,०८,२८३.०० | २०.४१ | १५,९१,७१७.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५,००,०००.०० | ५५,६८,९२५.०० | १११३.७९ | (५०,६८,९२५.००) |
| १४२५४ रेडियो/ एफ.एम सञ्चालन दस्तुर | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| १४२६५ अन्य क्षेत्रको आय | १०,००,०००.०० | ३००.०० | ०.०३ | ९,९९,७००.०० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | ४,००,०००.०० | ६२,९००.०० | १५.७३ | ३,३७,१००.०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ३०,००,०००.०० | १,०३,२६,४११.११ | ३४४.२१ | (७३,२६,४११.११) |
| १४३१३ धरौटी सदरस्याहा | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| १४५२१ प्रदुषण नियन्त्रण शुल्क | ६,००,०००.०० | १,१०,७९५.०० | १८.४७ | ४,८९,२०५.०० |
| १४५२९ अन्य राजस्व | ८४,००,०००.०० | १९,४१,२९०.६१ | २३.११ | ६४,५८,७०९.३९ |
| १४६११ व्यवसाय कर | ७,००,००,०००.०० | ४,८१,९६,०२०.०० | ६८.८४ | २,१८,०३,९८०.०० |
| १५१११ बेरुजू | १,००,०००.०० | १,५३,०७२.०० | १५३.०७ | (५३,०७२.००) |
| ३२१२२ बैंक मौज्दात | ४९,५८,६७,०००.०० | ३४,२१,४२,४४९.५५ | ६९ | १५,३७,२४,५५०.४५ |
| जम्मा | २,४७,४५,७८,००८.०० | १,९७,०३,४६,२५९.५७ | ७९.६२ | ५०,४२,३१,७४८.४३ |

**व्यय**

| | | | | |
|---|---|---|---|---|
| २६३११ स्थानीय तह निःशर्त चालु अनुदान | १,५०,०००.०० | ०.०० | ० | १,५०,०००.०० |
| २६४१३ अन्य संस्थालाई सःशर्त चालु अनुदान | १,०७,५०,०००.०० | ५९,७५,१७६.०० | ५५.५८ | ४७,७४,८२४.०० |
| २६४२३ अन्य संस्थालाई सःशर्त पुँजीगत अनुदान | ११,००,०००.०० | ९,३०,०९७.०० | ८४.५५ | १,६९,९०३.०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | ६८,८०,०००.०० | ६६,६३,५३५.०० | ९६.८५ | २,१६,४६५.०० |
| २७२११ छात्रवृत्ति | ६४,६६,०००.०० | ३५,८२,३००.०० | ५५.४ | २८,८३,७००.०० |
| २७२१२ उद्धार, राहत तथा पुनर्स्थापना खर्च | ३,६२,८८,३५५.०० | २,९०,७६,४८९.६० | ८०.१३ | ७२,११,८६५.४० |
| २७२१३ औषधीखरिद खर्च | ४७,००,०००.०० | २४,०८,३६७.०० | ५१.२४ | २२,९१,६३३.०० |
| २७३१३ सेवा निवृत्तको संचित बिदा | ६०,००,०००.०० | ६०,००,०००.०० | १०० | ०.०० |
| २७३१४ सेवा निवृत्तको औषधी उपचार | ६०,००,०००.०० | ५६,५०,०००.०० | ९४.१७ | ३,५०,०००.०० |
| २७३१५ मृत कर्मचारीको सुविधा तथा सहायता | ४,५०,०००.०० | ०.०० | ० | ४,५०,०००.०० |
| २८१४२ घरभाडा | ४३,१०,०००.०० | १७,१६,१२७.०० | ३९.८२ | २५,९३,८७३.०० |
| २८२११ राजस्व फिर्ता | १०,००,०००.०० | २,१९,४६४.०० | २१.९५ | ७,८०,५३६.०० |
| २८२१९ अन्य फिर्ता | ५०,००,०००.०० | ०.०० | ० | ५०,००,०००.०० |
| पूंजीगत | १,१९,२२,७०,१७८.०० | ७५,६९,८६,९९६.०० | ६३.४९ | ४३,५२,८३,१८२.०० |
| ३११११ आवासीय भवन निर्माण/खरिद | ५२,००,०००.०० | ८,५३,७८९.०० | १६.४२ | ४३,४६,२११.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ७,९५,७०,०००.०० | ६,५१,१९,६९५.०० | ८१.८४ | १,४४,५०,३०५.०० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १,६८,००,०००.०० | ९१,४३,७६७.०० | ५४.४३ | ७६,५६,२३३.०० |
| ३११२१ सवारी साधन | २,६५,००,०००.०० | ४२,९४०.०० | ०.१६ | २,६४,५७,०६०.०० |
| ३११२२ मेशिनरी तथा औजार | ८७,५०,०००.०० | ३०,२६,८९२.०० | ३४.५९ | ५७,२३,१०८.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ३५,५०,०००.०० | १५,२१,६०६.०० | ४२.८६ | २०,२८,३९४.०० |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | ९,५०,०००.०० | ५,२२,५२९.०० | ५५ | ४,२७,४७१.०० |
| ३११३५ पूँजीगत परामर्श खर्च | २०,००,०००.०० | ०.०० | ० | २०,००,०००.०० |
| ३११५१ सडक तथा पूल निर्माण | ५१,५५,३७,२५०.०० | ३६,२७,४०,७१८.०० | ७०.३६ | १५,२७,९६,५३२.०० |
| ३११५३ विद्युत संरचना निर्माण | ८,६७,०००.०० | ५,१३,३९४.०० | ५९.२१ | ३,५३,६०६.०० |

**बुटवल उप महानगरपालिका**
**उप महानगर कार्यपालिकाको कार्यालय, रुपन्देही**
**कार्यालयको कोड : ८०५४८३०१३००**

**आय व्ययको बिबरण**

आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१-२०८०/०३/३१

| आय | व्यय | | | | |
|---|---|---|---|---|---|
| | ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ७८,२८,०००.०० | ७३,३३,८२६.७० | ९३.६९ | ४,९४,१७४.०० |
| | ३११५५ सिंचाई संरचना निर्माण | १,०३,६२,०००.०० | ९५,०२,३०४.०० | ९१.७ | ८,५९,६९६.०० |
| | ३११५६ खानेपानी संरचना निर्माण | १,१५,२५,०००.०० | २७,६५,५४१.०० | २४ | ८७,५९,४५९.०० |
| | ३११५७ वन तथा वातावरण संरक्षण | ८,००,०००.०० | ४,०८,२५१.०० | ५१.०३ | ३,९१,७४९.०० |
| | ३११५८ सरसफाई संरचना निर्माण | १५,३१,२००.०० | १५,३०,९९९.०० | ९९.९९ | २०१.०० |
| | ३११५९ अन्य सार्वजनिक निर्माण | ४७,१४,६७,७२८.०० | २८,०३,६५,१९२.०० | ५८.४७ | १९,११,०२,५३६.०० |
| | ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १,९४,४०,०००.०० | १,०४,५५,९६१.०० | ५३.७९ | ८९,८४,०३९.०० |
| | ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | १५,९२,०००.०० | ११,३९,५९२.०० | ७१.५८ | ४,५२,४०८.०० |
| | वित्तीय | १,००,००,०००.०० | ८२,३३,६९४.९९ | ८२.३४ | १७,६६,३०५.०१ |
| | ३३१४७ अन्य संस्थाहरूबाट ऋण प्राप्ति साँवा भुक्तानी | १,००,००,०००.०० | ८२,३३,६९४.९९ | ८२.३४ | १७,६६,३०५.०१ |
| | जम्मा | २,४७,४५,७८,००८.०० | १,७२,०५,२०,३०९.१३ | ६९.५२ | ७५,४०,५७,६९८.८७ |